चन्द्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शान्तिपुर, गुल्मी
५ नं. प्रदेश, नेपाल


# जानकारी सम्बन्धमा।

मिति : २०७७।०४।२८

हाल विश्वभर फैलिरहेको कोरोना भाईरस (COVID-19) को संक्रमण, रोकथाम तथा निन्त्रणका लागि नेपाल सरकारको निर्णयबमोजिम चन्द्रकोट गाउँपालिका गुल्मीले मिति २०७७/०१/०६ गतेदेखि २०७७/०४/२२ गतेसम्म गाउँपालिकाभित्रका वडाहरुका विभिन्न स्थानहरुमा २३ वटा क्वारेन्टिनहरु तथा चन्द्रकोट-४, शान्तिपुरमा एकवटा ८ शैया सहितको आईसोलेसन कक्ष स्थापना गरी कुल ५२५ जना नागरिकहरुलाई नेपाल सरकारको मापदण्ड बमोजिम नेपाल बाहिर तथा नेपालकै विभिन्न संक्रमण फैलिएको स्थानबाट आएका नागरिकहरुलाई १४ दिन क्वारेन्टिनमा राखी कोरोना रोगसँग सम्बन्धित (RDT/PCR) टेष्ट गरिएको र देहायबमोजिम नतिजा प्राप्त भएको जानकारी गराउँदछौं। साथै नेपाल सरकारको निर्णयबमोजिम मिति २०७७/०४/२१ गते देखि चन्द्रकोट गाउँपालिकामा समेत आर.डि.टी. बन्द गरिएको छ। यसै सन्दर्भमा मिति २०७७/०४/२२ गते गुल्मी जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री भरतकुमार शर्माको अध्यक्षतामा गुल्मी जिल्ला क्षेत्र नं. १ का स्थानीय तहका प्रमुखहरुको बैठकको निर्णयअनुसार गुल्मी जिल्ला क्षेत्र नं. १ भित्रका सबै स्थानीय तहका नेपाल बाहिर तथा कोरोना भाईरसको संक्रमण फैलिएको स्थानबाट आउने सम्पूर्ण नागरिकहरुलाई समेत रुरुक्षेत्र गाउँपालिका वडा नं. -१ अन्तर्गत रुरु कभर्डहल, रिडीमा होल्डिङ्ग सेन्टर रहने व्यवस्था गरिएको र आगामी दिनमा कोरोना भाइरस (कोभिड- १९) को संक्रमण बढ्न नदिन सोही होल्डिङ्ग सेन्टरमा व्यवस्थित रुपमा राख्ने व्यवस्था रहेको तथा उक्त स्थानबाटै पि.सि.आर. समेत गरिने भएकोले नेपाल बाहिर तथा कोरोना भाईरसको संक्रमण फैलिएको स्थानबाट आउनुहुने नागरिकहरुलाई लक्षित गरी चन्द्रकोट गाउँपालिकाभित्र हाल कुनै पनि स्थानमा क्वारेन्टिन नरहेको जानकारी गराउँदै गाउँपालिकासँग सम्पर्क नगरी कुनै नागरिक यस गाउँपालिकाभित्र आएमा पुन: होल्डिङ्ग सेन्टर रिडि मै फिर्ता गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।

<u>देहायः-</u>

| क्र.सं. | आर.डि.टी. गरेको संख्या | पी.सि.आर. गरेको संख्या | कुल संक्रमित संख्या | आईसोलेसनमा रहेकाको संख्या | कुल निको भएको संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | ५०४ जना | ६४ जना | २५ जना | ० | २५ जना | |

२०७७।०४।२८

(प्रकाश शर्मा)
जनस्वास्थ्य निरीक्षक

(कृष्ण प्रसाद भण्डारी)
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

प्रकाश चन्द्र शर्मा
ज.स्वा.नि.
स्वास्थ्य शाखा प्रमुख